

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 08 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८०


## सङ्क्रमण घट्दै, चहलपहल बढ्दै



वीरगंज महानगरपालिकाको मुख्य बजार आदर्शनगरमा बिहानीपख खुलेका पसलहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २४ जेठ/

पर्सा जिल्लामा निषेधाज्ञा अवधि जेठ ३० गतेसम्म रहे पनि अहिले सङ्क्रमित सङ्ख्या घटेसँगै वीरगंज महानगरपालिकालगायत जिल्लाभरि चहलपहल बढेको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साले वैशाख १६ गतेदेखि जारी गरेको निषेधाज्ञा अवधि बढाउँदै जेठ ३० गते बेलुकी १२ बजेसम्म तोके पनि अहिले सङ्क्रमित सङ्ख्या घटेपछि वीरगंज महानगरमा निषेधाज्ञा उल्लङ्घनका घटना बढ्दो छ। जिल्ला प्रशासन कार्यालय, पर्साको निषेधाज्ञासम्बन्धी सूचना शहरको मुख्य स्थान घण्टाघरअगाडि रहेको प्रहरी बिटबाट प्रसारण भइरहे पनि सोही क्षेत्रबाट अहिले निषेधाज्ञा उल्लङ्घन हुने क्रम बढेको छ र प्रहरी मूकदर्शक बनेको छ ।

निषेधाज्ञा अवधिमा के गर्ने, के नगर्ने र अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र निषेधाज्ञाको उल्लङ्घन गर्नेलाई दण्ड जरिवाना हुने सूचना जारी भएपनि अहिले सोको विरुद्ध दुई र चार पाङ्ग्रे सवारीसाधनहरूको चाप र मानिसहरूको चहलपहल बढ्दो छ ।

वित्तीय संस्था सञ्चालन भएको बहानामा अहिले धेरैजसोले सवारीसाधनको दुरुपयोग गर्दै भीडभाड बढाएका छन् र यसको फाइदा उठाएर शहरमा रहेका पसलहरू पनि खुल्न थालेका छन् । एक महीनाभन्दा बढी समयदेखि पसल बन्द गरेर बसेकाहरू आजित भएर अहिले आधा पसल खोलेर सामान बिक्री गर्न थालेका छन् भने केहीले सटरअगाडि बसेर ग्राहक आएपछि पसल खोली सामान दिने गरेका छन् । यस्तो दृश्य वीरगंजको मुख्य सडकदेखि सबै ठाउँमा देख्न सकिन्छ ।

प्रहरीले निषेधाज्ञा पालनाको लागि यसअघि अन्य ठाउँमा कडाइ नगरे पनि घण्टाघर क्षेत्रमा कडाइ गरेको थियो तर अहिले सो क्षेत्रमा पनि प्रहरी निगरानी घट्दा मानिसहरूका साथै सवारीसाधनहरूको आवतजावत बढेको छ । अत्यावश्यक कामबाहेक सामान्य काममा पनि मानिसहरू बाहिर निस्किन थालेका छन्। बिहान १० बजेसम्म खाद्यान्न र किराना पसलहरू सञ्चालनको समय निर्धारण गरिए पनि सो समयमा अहिले आदर्शनगर, माईस्थान, घण्टाघरमा सबै थरीका पसलहरू सञ्चालन हुँदैछन् । वीरगंज महानगरको अहिलेको अवस्था यस्तो छ भने पर्सा जिल्लाका अन्य ठाउँमा निषेधाज्ञा अवधि बढेसँगै उल्लङ्घनका क्रियाकलाप पनि बढ्दै छन् ।

ग्रामीण भेगमा एकाध गाउँबाहेक अन्य सबै ठाउँका बजार निर्बाधरूपमा सञ्चालन भएका छन्, पसलहरू खुलेका छन् र सवारीसाधनहरू पनि चलिरहेका छन् । चार पाङ्ग्रे सवारीसाधन आइपिसीपछि थोरै मात्रामा सञ्चालनमा छन् तर मोटरसाइकल, साइकलको चहलपहल ग्रामीण क्षेत्रमा बढ्दो छ । बजारहरू बिहानदेखि साँझसम्म

(बाँकी अन्तिम पातामा)

## जमदार चौधरीको जबरजस्ती

प्रस, पर्सागढी, २४ जेठ/

पर्सागढी नगरपालिकासँग जोडिएको दुरुपयोग गरी दबाब दिँदै आएका हुन् । ठाकुरलाई चौधरीले बारम्बार धम्क्याउने, लागि डिभिजन वन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा धेरैपटक उजूरी पनि



ठाकुरकी पत्नी र छोरा घरमा तनाव सहेर बस्दै । तस्वीरः प्रतीक

वनक्षेत्रमा अतिक्रमण गरी सयौंको सङ्ख्यामा घर निर्माण भएपनि त्यसमध्ये एकजनाको घर मात्र हटाउनको लागि अहिले वन कार्यालय लागेको छ ।

वन कार्यालय लाग्नुको कारणमा मुख्य व्यक्ति जमदार मित्रदेव चौधरी हुन् । सबडिभिजन वन कार्यालय मधुवन मथवल बडनिहारमा कार्यरत चौधरीले तीन धुर नम्बरी जग्गा खरीद गरेर वडा नं ३ मा वनको जग्गा अतिक्रमण गरी थुप्रै घर बनाएका छन् । उनले अतिक्रमण गरेर बनाएको घरपछाडि लालबाबू ठाकुर भन्नेले घर बनाएका छन् र उनलाई त्यहाँबाट हटाउन चौधरीले पदको डिभिजन वन कार्यालय, सबडिभिजन वन कार्यालय र प्रहरीसमेतबाट डर, धम्की दिन लगाइ सो ठाउँ छाड्न दबाब दिने गरेको ठाकुरकी पत्नीले बताइन् । उनले डर, धाक-धम्कीकै कारण अहिले पति राति घरमा सुत्न छाडेको बताइन् । चौधरीले बारम्बार उनलाई धम्काउँदै आएका थिए ।

पर्सागढी नगरपालिका-३ झबराहा, बडनिहार, धुलीडाड, वीरगंज महानगरपालिका-३१, रामवन क्षेत्रमा सयौंको सङ्ख्यामा वन अतिक्रमण गरी घर बनेका छन् । वनक्षेत्रमा अनधिकृतरूपमा बनेका घर भत्काउनको परेको छ तर अहिलेसम्म अनधिकृत घर हटाउनेतर्फ पहल गरिएको छैन । जमदार चौधरीले भने आफ्नो स्वार्थको लागि ठाकुर परिवारको खोइरो खन्दै आएका छन् ।

ठाकुरले सो क्षेत्रमा वन अतिक्रमण गरी घर बनाएका छैनन्, जमदार चौधरीले पनि वन अतिक्रमण गरी घर बनाएका छन् र उनीसँगै सयौं परिवारले वन अतिक्रमण गरी घर बनाइ बसेका छन् । तर वनक्षेत्र अतिक्रमण गरेको भनी ठाकुरलाई मात्र हटाउन खोज्नुले चौधरीको बदनियत प्रस्ट हुन्छ ।

यस सम्बन्धमा डिभिजन वन कार्यालय, पर्साका निमित्त प्रमुख वन अधिकृत फरमान मियाँले नयाँ घर निर्माण भइरहेको भन्ने उजूरीको आधारमा जिल्ला प्रशासन कार्यालय पर्साको पत्रबाट ठाकुरको घर हटाउन निर्देशन जारी भएको बताए । उनले पुरानो अतिक्रमणविरुद्ध हाल कारबाई अगाडि नबढेको भन्दै नयाँ घर बन्न रोक लगाइएको बताए । तर ठाकुरको घर जमदार चौधरीसँगै बनेको पुरानो घर हो ।

## सिम्रौनगढमा तस्कर र प्रहरीबीच भिडन्त

प्रस, सिम्रौनगढ, २४ जेठ/

सिम्रौनगढ बजारको मुख्य चोकमा सोमवार प्रहरी र तस्करबीच झडप भएको छ ।

खुला सीमाबाट भन्सार छली भित्र्याइएका दुई पोका कपडा प्रहरीले नियन्त्रणमा लिने क्रममा तस्करसँग झडप भएको स्थानीयले बताएका छन् । गस्तीमा रहेको इप्रका सिम्रौनगढको टोलीले तस्करबाट दुई पोका कपडा नियन्त्रणमा लिन खोजेको र तस्करहरूले प्रहरीसँग जबरजस्ती सो सामान खोस्ने क्रममा दुवैबीच झडप भएको स्थानीयले बताए । तस्करहरूले सो क्रममा प्रहरीसँग दुर्व्यवहार गर्न खोजेका थिए । उनीहरूले प्रहरीले नै तस्करीको लाइन दिएको कारण आफूहरूले तस्करी गरेको भन्दै कपडा खोस्ने प्रयास गरेका थिए ।

प्रहरी र तस्करबीचको झगडालाई स्थानीयले साम्य पारेका थिए ।

इप्रका सिम्रौनगढका प्रहरी निरीक्षक दीपक सुवेदीले प्रहरीसँग दुर्व्यवहार गर्ने तीनजना तस्करको खोजी भइरहेको बताए ।

## सोमवार तीनजनाको मृत्यु

प्रस, वीरगंज, २४ जेठ/

वीरगंजका अस्पतालमा सोमवार तीनजना सङ्क्रमितको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले जानकारी गराएका छन् ।

बहुदरमाई नगरपालिका-८ निवासी ६५ वर्षीय पुरुषको नारायणी सेन्ट्रल अस्पताल बिर्तामा आज निधन भएको हो । उनी जेठ १२ गतेदेखि अस्पतालमा भर्ना थिए र १४ गते सङ्क्रमित पुष्टि भएका थिए ।

यसैगरी, वीरगंज-१४ निवासी ५१ वर्षीया महिलाको आज बिहान नारायणी अस्पतालमा मृत्यु भएको छ । जेठ १७ गते सङ्क्रमित भएकी महिला २२ गते अस्पताल भर्ना भएकी थिइन् ।

यसैगरी, नारायणी अस्पतालमा सर्लाही, बरहथवा नगरपालिका-६ निवासी ५५ वर्षीया महिलाको निधन भएको अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए । १६ गते सङ्क्रमित भएकी महिला १४ गते अस्पताल भर्ना भएकी थिइन् र उपचारको क्रममा आज उनको निधन भएको हो ।


आज निधन भएका तीनैजनाले कोरोनाविरुद्ध खोप लिएका थिएनन् ।

## भारतमा तेल निर्यात अवैध भएको आरोप निराधार -नेपाली उद्योगी

राधेश्याम पटेल, वीरगंज, २४ जेठ/

खानेतेल अवैध तरीकाबाट भारत निकासी भइरहेको भारतीय उद्योगीले र नेपालबाट हुने निकासीमा प्रतिबन्ध लगाउन भारतीय उद्योगी-व्यवसायीले सरकारसमक्ष लबिङ गरिरहेको चर्चा थियो ।

भारतमा सोयाबिन तेल उत्पादन गर्ने सङ्गठन, सोल्भेन्ट एक्सट्र्याक्टर्स खानेतेलको पर्याप्त मात्रामा प्रशोधन गर्ने उद्योग वा प्लान्ट नरहेको र मलेसिया र दक्षिण अमेरिकी मुलुकबाट रिफाइन



जगदीश अग्रवाल



प्रदीप केडिया



सुरेश रुँगटा



निखिल चाचान

लगाएको आरोप निराधार रहेको नेपाली उद्योगीहरूले बताएका छन् । वीरगंजका उद्योगी-व्यवसायीले भारतीय पक्षले लगाएको आरोपको खण्डन गर्दै नेपाल र नेपाली व्यवसायीको मानमर्दन गर्न यस्तो आरोप लगाएको बताएका छन् । वीरगंजका उद्योगपति जगदीश अग्रवालले यस्तो आरोप हावादारी र पुरानै कहानी भएको आरोप लगाए ।

भारतमा खानेतेलको भाउ बढाउन गर्दै उनले उनीहरूले नेपालबाट हुने खानेतेलको निर्यातबारे फेरि प्रोपोगन्डा शुरू गरेको विश्लेषण गरे ।

मे ३१ मा इक्नोमिक्स टाइम्समा छापिएको एउटा समाचारमा भारतीय खानेतेल उत्पादन गर्ने उद्योगीहरूको एउटा सङ्गठनले नेपालबाट भटमास र सूर्यमूखी तेल अवैधरूपमा भारत निकासी भइरहेकोले केन्द्रीय सरकारको ध्यानाकर्षण गराउन र नेपालबाट निर्यात हुने तेलमा प्रतिबन्ध लगाउन अपील गरेको एशोसिएशनले केन्द्रीय सरकारलाई पत्राचार गर्दै नेपालबाट हुने खानेतेल पैठारीले उत्तरी र पूर्वी भारतका किसान तथा भारतीय उद्योगलाई गम्भीर असर परेको र भारत सरकारलाई ठूलो राजस्व घाटा लागिरहेको दाबी गरेको थियो । पत्रमा भारतमा नेपालबाट निकासी हुने तेल ओरिजिन अफ कन्ट्रीको नियम मिचेको आशङ्कायुक्त दाबी पनि गरिएको थियो ।

भारतीय उद्योगीहरूले नेपालमा तेल नै मगाएर रिप्याकिङ गरी भारत निकासी गर्नु नेपाल-भारत व्यापार सन्धिविपरीत रहेको र ओरिजिन अफ कन्ट्रीको नियम मिचिएको दाबी गरेका थिए ।

यसै सन्दर्भमा निम्बस समूहका सञ्चालक समितिका अध्यक्षसमेत रहेका उद्योगपति जगदीश अग्रवालले खण्डन गर्दै भनेका छन्– "भारतलाई जुन बेला जुन चीज नेपालको बाटो

(बाँकी दोस्रो पातामा)

## विचारसार र सूक्तिहरू

गुमिसकेपछि मात्र थाहा हुन्छ, कति महत्त्वपूर्ण हुन्छ– समय, व्यक्ति र सम्बन्ध ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## गुणस्तरको लागि जवाफदेहिता

**योजना पर्न गाह्रो । योजना पर्‍यो काम शुरू हुनै नसक्ने, काम शुरू भयो भने पनि सम्पन्न हुनै गाह्रो । काम सम्पन्न भएपनि गुणस्तरमा गडबड भइहाल्छ। योजना निर्माण सम्बन्धमा हाम्रो मुलुकको विद्यमान रोग यही हो । यही कारण उपभोक्ताको जिन्दगी जहिले पनि असन्तुष्टिमैं बितिरहेको छ । भारत सरकारको अनुदान सहयोगमा वीरगंजदेखि ठोरी हुँदै हुलाकी सडक निर्माण हुने भएपछि जिल्लावासी खुशी थिए। हुलाकी सडक निर्माण हुँदा जिल्लाका अधिकांश क्षेत्र समेटिने हुँदा जिल्लाका बहुसङ्ख्यक बासिन्दाले प्रत्यक्ष फाइदा लिन सक्छन्। नेपालभन्दा पनि यसमा भारतको भूमिका महत्त्वपूर्ण रहेकोले योजना शुरू गर्न खासै विलम्ब भएन । तर जब योजना टेन्डर प्रक्रिया पार गरेर अगाडि बढ्यो, तब अवरोध नै अवरोध। हुलाकी सडक निर्माण शुरू भएको १२ वर्ष पूरा भयो, सम्पन्न भएको छैन । वीरगंज–ठोरी सडकखण्डको अवरोध अझै टरेको छैन । मुआवजा नदिंदा अवरोध, सडक निर्माण क्षेत्रमा पर्ने बिजुली, पानीलगायत संरचनाहरू नहटाइदिंदा अर्को अवरोध। नेपाल पक्षले समयमा पुल निर्माण नगरिदिंदा अवरोध, अन्तर्राष्ट्रिय सीमाको अवरोध, निकुञ्जको अवरोध। 'के निहुँ पाउँ र कनिका बुकाउँ' भन्ने ताकमा रहेका निर्माण कम्पनीको आफ्नै कारणले हुने अवरोधको कुरा नगरौं । सानो निहुँ पायो कि बहाना गरेर काम नगर्ने र म्याद थप गर्ने दाउमा ठेकेदार लागिपरेका हुन्छन् ।**

**देखिएका अवरोधहरूबारे भनाइ जेसुकै रहे पनि कुनै न कुनै एक पक्षको स्वार्थ जोडिएको हुन्छ। प्रत्येक अवरोधलाई छिचोल्दै जानु परियोजनाको सफलता हो। यद्यपि पूर्ण सफलता तब मात्रै मानिन्छ, जब मापदण्ड अनुसारको गुणस्तरीय सडक उपभोक्ताले उपयोग गर्न पाउनेछन् । जतिसुकै छिटो वा निर्विवादरूपमा योजना सम्पन्न भएपनि गुणस्तर रहेन भने योजना सम्पन्न हुनु र नहुनुको कुनै अर्थ छैन।**

**चमरी होल–ठोरी क्षेत्रको निर्माण सम्पन्न सडकमा बितेको वैशाख महीनाको हल्का वर्षाले नै कालोपत्रे चिरा परेको छ, सडक धसेको छ, डिभाइडरका सङ्केत पिलरहरू लडेका छन् । त्यसैगरी, निर्माणाधीन वीरगंज–चमरी होल सडकखण्डमा गुणस्तरहीन काम भइरहेको खबर छ। कुनै पनि योजना तथा परियोजनाको गुणस्तरियतामा अरू कुरामा जस्तो एक पक्ष मात्रै दोषी हुँदैन। सरकार, समाज, ठेकेदार र कामदार सबैको भूमिका उत्तिकै छ। सरकारी निकाय वा अधिकारीले अनुगमन तथा निगरानी गर्ने र मापदण्डविपरीत देखेमा औंल्याइ सुधार तथा कारबाई गर्नुपर्छ । सरकारी अनुगमनकर्ता निकायको ध्यानाकर्षण गराउन र निर्माण कम्पनीलाई सचेत गराउनका लागि स्थानीय उपभोक्ता तथा नागरिक समाजको निगरानी तथा खबरदारी हुनै पर्छ । ठेकेदारमा पनि दीर्घकालीन सोच, आफ्नो पेशा र राष्ट्रप्रतिको दायित्वबोध भइदियो भने योजना कमसल हुने कुरा आउँदैन। त्यसैगरी, कामदार अर्को एक महत्त्वपूर्ण पक्ष हो । मसला बनाउँदा राख्नुपर्ने जति सिमेन्ट कामदारले राखिदिएन भने वा निर्माण सामग्रीहरूको अनुपात गढबढ गर्ने, शुद्धतामा ध्यान नदिने, काममा ढङ्ग नपुर्‍याइदिने कामदार भयो भने यसै पनि गुणस्तर कायम हुन सक्दैन। यी चारै पक्षमा कुनै एक पक्षको भूमिका कमजोर देखिएमा त्यसको प्रत्यक्ष असर योजनाको गुणस्तरमा पर्छ। तर हाम्रो समाज तथा मुलुकमा यी सबै पक्ष मुद्दाको सामुन्ने नतमस्तक मात्रै हुन्छन् ।**

# कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान न्यून

अर्थ-उद्योग-वाणिज्य




शीतल महतो

shitalmahato@gmail.com


**नेपालको कृषि प्रणालीलाई न्यायिक बनाउँदै समतामूलक विकासका लागि किसानको समग्र सबलीकरणलाई केन्द्रमा राखी, कृषि पद्धतिको सुधार एवं कृषिमा आधारित अर्थतन्त्रलाई अझ दरिलो बनाउनु आजको आवश्यकता हो ।**

सरकारले कृषिमा बजेट बढाउँदै लगेपनि मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा यस क्षेत्रको योगदान पछिल्ला वर्षहरूमा खुम्चिँदै गएको छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान गर्ने कृषि क्षेत्रमा बर्सेनि हुने रासायनिक मलको अभाव, अपर्याप्त सिंचाइ सुविधा, बजारीकरणको अभाव, व्यवसायीकरणको नाममा वितरण गरिएको अनुदानको चरम दुरुपयोगले यस क्षेत्रको उत्पादनमा कमी आएर जिडिपीमा यसको योगदान घटेको छ । अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष ०७७–७८ को आर्थिक सर्वेक्षण अनुसार यो वर्ष जिडिपीमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत मात्रै रहने अनुमान गरिएको छ । जुन हालसम्मकै सबैभन्दा न्यून योगदान हो ।

आव २०६८–६९ को जिडिपीमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी ३२.७ प्रतिशत थियो। त्यसयता जिडिपीमा कृषि क्षेत्रको योगदान एकतिहाई रहँदै आएको छ। व्यवसायीकरण र आधुनिकीकरणको नाममा कृषिमा अत्यधिक अनुदान वितरण गरेपनि त्यसले प्रतिफल दिन सकेको छैन । जिडिपीमा एकतिहाई योगदान गर्दै आएको कृषि क्षेत्र निरन्तर ओरालो लागेर एकचौथाईमा झरेपछि सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन् । गत वर्ष कृषि क्षेत्रको वृद्धिदर न्यूनतम बिन्दु २.६ प्रतिशतमा झरेको थियो । यो वर्ष उत्पादनमा थप गिरावट आएकोले कृषि क्षेत्रको वृद्धिदर झन् घट्ने अनुमान गरिएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार यो वर्ष बढीमा १.५ प्रतिशतसम्म वृद्धिदर हासिल भएको छ, जुन अहिलेसम्मकै न्यून वृद्धिदर हो। कृषि उपजमा सबैभन्दा बढी ४४.९ प्रतिशत योगदान रहेको खाद्यान्नको उत्पादन गत वर्षको तुलनामा ०.६ प्रतिशतले घटेको छ। खाद्यान्न बालीको हिस्सासमेत घटेको हो। गत वर्ष खाद्यान्न बालीको हिस्सा ४५.२ प्रतिशत थियो । बर्सेनि न्यूनतम समर्थन मूल्य तोकिने गरेपनि किसानलाई खासै लाभ हुन सकेको छैन। सरकारले न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरीद नगर्ने भएकोले किसानले व्यापारीलाई सस्तो भाउमा बिक्री गर्दै आएका छन् । कृषि बीमामा ७५ प्रतिशत प्रिमियम सरकारले तिर्ने व्यवस्था गरेपनि यसबाट पनि किसानलाई लाभ भएको छैन। कृषि बीमाको दुरुपयोग बढ्दै गइरहेको छ ।

त्यस्तै कृषिको व्यवसायीकरणका लागि मूल्य शृङ्खलामा आधारित पूरक अनुदानमा टाठाबाठा, पहुँचवालाको हालीमुहाली छ । खासगरी सरकारी निकायबाट लगानी गरिने प्रतिस्पर्धात्मक पूरक अनुदानमा ठूलो रकम पाउन सकिने र तिर्न नपर्ने भएका कारण पहुँचवालाले कार्यक्रम व्यवस्थापनमा संलग्न संयन्त्रलाई समेत अनुचित दबाब दिई पहुँच राख्ने र कर्मचारीलाई पनि अनुचित फाइदाको आश्वासनमा यस्ता प्रथाको पृष्ठपोषण गर्ने गरेका कारण खासै प्रभावकारी हुन सकेको देखिंदैन। दातृ निकायको आर्थिक सहयोगमा सञ्चालित परियोजनाले समेत कृषि क्षेत्रको विकासमा टेवा पुर्‍याउन सकेको देखिएको छैन । दातृ संस्थाको सहयोगमा सञ्चालित आठ आयोजनाले पछिल्लो ६ वर्षमा १९ अर्ब रुपियाँभन्दा बढी खर्च गरिसकेका छन् । सरकारले आर्थिक वर्ष २०७८–७९ मा कृषि क्षेत्रमा बजेट बढाए पनि प्रायः पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ। आगामी आर्थिक वर्षका लागि सरकारले कृषि तथा पशुपन्छीतर्फ ४५ अर्ब ९ करोड रुपियाँ विनियोजन गरेको छ। यो चालू आर्थिक वर्षको तुलनामा ३ अर्ब ६९ करोड रुपियाँ बढी हो। सरकारले आर्थिक वर्ष २०७७–७८ मा कृषि तथा पशुपन्छीतर्फ ४१ अर्ब ४० करोड विनियोजन गरेको थियो ।

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्थानशील अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गरिने सरकारको योजना छ । कृषि उपजको मूल्य शृङ्खलाबाट उत्पादक किसान लाभान्वित हुने व्यवस्था बजेटमा गरिएको छ । कृषि उत्पादनको विविधीकरण एवं विशिष्टीकरणमार्फत उत्पादकत्व अभिवृद्धि गरी नागरिकको खाद्य एवं पोषण अधिकार सुनिश्चित गरिने आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख छ। सरकारले कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रवर्द्धनमा अनुदान र छुटलाई प्राथमिकता दिए पनि कार्यान्वयनमा भने आशङ्का रहेको कृषि विज्ञहरू बताउँछन् । दूध, तरकारी, फलफूल, माछा, मासुलगायत नाशवान उपभोग्य वस्तुको उत्पादनस्थलदेखि नजीकको बजार केन्द्रसम्म सहज आपूर्ति गर्न लाग्ने ढुवानी भाडामा २५ प्रतिशत, किसानका लागि धानको बीउ खरीदमा स्थानीय तहमार्फत ५० प्रतिशत अनुदान उपलब्ध गराइने आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख छ। कृषि बाली, मत्स्य, पशुपन्छी उत्पादनलगायत थप ७१ जोन सञ्चालनमा ल्याइने छ । रबर खेतीको प्रवर्द्धन गर्न रबर जोन सञ्चालनमा ल्याइने छ । पकेट क्षेत्रमा कम्बाइन्ड हार्भेस्टर, पावर टिलर, कल्टिभेटर, रोटाभेटर, हारोलगायत उपकरण खरीद गर्न स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराइने बजेटमा उल्लेख छ । उपभोगमा नआएका सरकारी कृषि फर्म र बाँझो जमीनमा व्यावसायिक खेती गर्न निजी क्षेत्रलाई लिजमा दिने नीति अवलम्बन गरिने छ।

त्यस्तै विद्यमान कृषि अनुदान प्रणालीको पुनरवलोकन गरी कृषक, कृषि उद्यमी, कृषक समूह र सहकारी सङ्घसंस्थालाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिने छ । इजाजत प्राप्त बिक्रेताबाट मूल्यको ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाइने बताइएको छ । मध्यम तथा उच्च प्रविधियुक्त बहुउद्देश्यीय नर्सरी स्थापना गरी फलफूलका ५० लाख बिरुवा उत्पादन गरिनेछ। सबै प्रदेशमा भण्डारण सुविधासहितको कृषि उपज प्रशोधन केन्द्र र औद्योगिक कृषि बजार, न्यूनतम समर्थन मूल्य तोकिएका धान, गहुँ, मकैलगायत कृषि उपज भण्डारण गरी आपूर्ति व्यवस्था सहज र नियमित बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारीमार्फत खरीद गर्ने व्यवस्था मिलाइने बजेट वक्तव्यमा उल्लेख छ । त्यस्तै स्थानीय तहमार्फत २ सय खाद्य भण्डारण केन्द्र, ८९ शीतकक्ष र शीत भण्डारण स्थापना गरिने उल्लेख छ । कृषि उपज सङ्कलन, प्रशोधन तथा ब्रान्डिङ गरी स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न रूपन्देहीको कर्साघाटमा आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजार निर्माण गरिने बजेट वक्तव्यमा उल्लेख छ । बजेटमा रासायनिक मल खरीदले भने प्राथमिकता पाएको छ । खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न रासायनिक मलको अनुदान बढाएर १२ अर्ब रुपियाँ पुर्‍याइएको छ । चालू आर्थिक वर्षमा रासायनिक मल खरीदका लागि ११ अर्ब रुपियाँ विनियोजन गरिएको थियो । ३ वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्नेगरी प्रारम्भिक कार्य अघि बढाइने बजेट वक्तव्यमा उल्लेख छ । यसैगरी जैविक विषादि कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशतसम्म पूँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको, कृषकलाई बीउबिजन तथा मलको उपलब्धता, मौसम र सबै प्रकारका कृषि उपजको बजारमा मूल्यसम्बन्धी जानकारीमूलक सूचना मोबाइल एप्समार्फत नियमित उपलब्ध हुने व्यवस्था मिलाइने बजेट वक्तव्यमा उल्लेख छ । मुलुकका ४ सय ६८ स्थानीय तहमा कृत्रिम गर्भाधान मिशन कार्यक्रम सञ्चालन गरिने, ७ लाख उन्नतम नस्लका गाई, भैंसी र बाख्रा उत्पादन गरिने बजेटमा उल्लेख छ ।

यसरी आगामी आव ०७८–७९ को बजेटले कृषि क्षेत्रलाई अहिलेसम्मकै सबैभन्दा बढी ४५ अर्ब ९ करोड रुपियाँ विनियोजन गरेको छ । कुल बजेटको २.७४ प्रतिशत रकम कृषि तथा पशुपक्षी विकासका लागि छुट्याइएको छ । आगामी वर्षको बजेटले कृषि अनुसन्धानलाई प्राथमिकता दिंदै ३ अर्ब बजेट विनियोजन गरेको छ । कृषि मन्त्रालय अन्तर्गत सबैभन्दा धेरै बजेट रासायनिक मल र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई छुट्याइएको छ। रासायनिक मल खरीद गर्न १२ अर्ब र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि ७ अर्ब ९८ करोड रुपियाँ विनियोजन गरिएको छ। यो रकमले ६ लाख मेट्रिक टन मल खरीद गर्न सकिन्छ। चालू आवमा ११ अर्ब रुपियाँ विनियोजित भएको रकमबाट करीब ५ लाख टन मल आयात भएको छ । दुई वर्षभित्र दूध र तरकारीमा, तीन वर्षभित्र गहुँ, मकै, कोदो र फापर तथा ५ वर्षभित्र चामलमा आत्मनिर्भर हुने लक्ष्य राखिएको छ । चार वर्षअघि पनि सरकारले ५ वर्षभित्र प्रमुख खाद्यान्न बालीमा आत्मनिर्भर हुने लक्ष्य सार्वजनिक गरेको थियो । उक्त समय बित्न एक वर्ष बाँकी हुँदा फेरि पनि प्रमुख खाद्यान्न बाली चामलमा अर्को ५ वर्षमा आत्मनिर्भर हुने जनाएको छ।

अन्त्यमा नेपालको कृषि नीति र भौगोलिक सम्भाव्यता एवं अभ्यासको स्थानीयकरणमार्फत भूमिहीन, साना, सीमान्त र महिला किसानको उत्पादन, बजारीकरण अनि पहुँच विकासले खाद्य सुरक्षा र खाद्य सार्वभौमिकतालाई निश्चित आधार प्रदान गर्न सकिन्छ । त्यसैले नेपाल सुहाउँदो कृषि र खाद्य प्रणालीमा आम सहमति गर्दै कृषियोग्य भूमि बाँझो नराखी उपयोगमा ल्याउन सक्नुपर्दछ। नेपालको कृषि प्रणालीलाई न्यायिक बनाउँदै समतामूलक विकासका लागि किसानको समग्र सबलीकरणलाई केन्द्रमा राखी, कृषि पद्धतिको सुधार एवं कृषिमा आधारित अर्थतन्त्रलाई अझ दरिलो बनाउनु आजको आवश्यकता हो।

**भारतमा............**

चाहिएको हुन्छ, पैठारी गर्न आफ्नो नियममा फेरबदल गरी मज्जाले मगाउँछ, उसको इन्टेरेस्ट मरेपछि हामी खराब भइहाल्छौं ।" उनले करीब ५ वर्षदेखि नेपालबाट भारतमा खानेतेलको निकासी भइरहेको बताए। साथै नेपालमा विश्वस्तरीय खानेतेल प्रशोधन गर्ने उद्योगहरू छन् ।

नेपाल सरकारलाई करीब ४ दर्जन उद्योग कस्तो मापदण्डका छन् र कच्चा तेल मगाएर प्रशोधन गरेर भारत पठाउँछन् भन्ने थाहा छ । नेपाली उद्योगलाई तेल निकासीको लागि नेपाल उद्योग वाणिज्य महासङ्घले ओरिजिन अफ कन्ट्री दिने गरेको छ भने वाणिज्य विभागले त्यसको नियमन र सहयोग गर्ने गर्छ। उनले नेपालबाट निकासी हुने तेल साफ्टा सम्झौता अनुसार नियमसङ्गत रहेको बताए ।

विदेशबाट प्रशोधित खानेतेल होइन, कच्चा तेल (क्रूड आयल) आयात गरी प्रशोधन गरी ३० प्रतिशत मूल्य बढाएर भारत निकासी गर्ने गरेको उनले स्पष्ट पारे ।

वीरगंजका अर्का उद्योगी सुरेश रूँगटाले भारतीय उद्योगीको यस्तो आरोप निन्दनीय भएको टिप्पणी गरे। उनले नेपालमा ब्रजील, अमेरिका, युक्रेनलगायत देशबाट खानेतेलका गेंडागुडी र कच्चा तेल आउने बाटो भारतको कोलकाता बन्दरगाह भएको स्पष्ट पारे । उनले आजसम्म फलानो उद्योग वा उद्योगीले रिफाइन तेल मगाएर रिप्याक गरी पठाएको घटना सार्वजनिक नभएको बताए ।

उनले भने– "सबै कच्चा तेल कोलकाता र विशाखापट्टनम बन्दरगाह भएर आउँछ, त्यहाँ भारतीय भन्सार विभागका कार्यालयहरू छन्, उनीहरूलाई चेक गर्ने अधिकार छ, रिफाइन तेल ल्याएको एउटा केस आजसम्म किन भेटिएन ?" ओसिबी फूड एन्ड फिड प्रालिका सञ्चालक रूँगटाले नेपाली खानेतेल भारत खानेतेलभन्दा ४० रुपियाँ प्रतिलिटर सस्तो परिरहेकोले भारतीय उद्योगीहरू आफ्नो तेलको भाउ बढाउन यस्तो खेलमा लागेको आरोप लगाए । भारतीय सोयाबिन तेल लिटरको अहिले १८० भारु पर्छ भने नेपालबाट गएको तेलको भारु जम्मा १४० पर्छ ।

वीरगंजका अर्का उद्योगी निखिल चाचानले भारतीय पक्षलाई नेपालले जवाफ दिएको बताए । नेपाल घ्यू तेल एशोसिएशनको आग्रहमा वाणिज्य सचिव प्रदीप भट्टराईले आरोपको खण्डन गर्दै नेपालबाट भारतमा खानेतेलको निर्यात नेपाल–भारत व्यापार सन्धि अन्तर्गत नियम अनुसार भइरहेको बताए ।

एशोसिएशनका सदस्य तथा चाचान समूहको नारायणी आयल रिफाइनरी उद्योगका सञ्चालक चाचानले नेपालमा विदेशबाट कच्चा तेल आयात गर्दा १० प्रतिशत भन्सार महसूल मात्र लाग्छ । रिफाइन तेल मगाउँदा १५ प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर जोडेर २८ प्रतिशत राजस्व तिर्नुपर्छ। त्यसमा ढुवानी र नाफा जोडेर गैरकानूनी किसिमले यहाँका उद्योगीले किन तेल पठाउँछन् ? कच्चा तेल आयात गरी प्रशोधन गर्दा सरकारले लिएको १० प्रतिशत भन्सार महसूल पनि फिर्ता हुन्छ । ल्याएको मूल्यमा ३० प्रतिशतभन्दा बढी मूल्य थपेर भारत निकासी हुन्छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रदीप केडियाले वनस्पति घ्यू निर्यात भइरहेको बेलामा पनि भारतले प्रतिबन्ध लगाएको थियो। हाल भारतको मलेसियासँग विवाद हुँदा मलेसियाबाट तेल आयात रोक्न भारतमा ४० प्रतिशत भन्सार महसूल लगाइएयो छ। त्यसपछि नेपालबाट पाम तेल भारत गयो । त्यति बेला भारतलाई आवश्यकता थियो, पछि प्रतिबन्ध लगायो । अहिले नेपालबाट सोयाबिन तेल आवश्यक छ, गइरहेको छ, जब उसको माग पूरा हुन्छ, बन्द हुन्छ । आफ्नो देशको उद्योगधन्दा र किसानको संरक्षण कुनै पनि सरकारको दायित्व हो । भारतबाट नेपालमा रु ७ खर्बको सामान आयात हुन्छ तर रु १ खर्बको तेल भारत निकासी भयो भन्दैमा ठूलो मुद्दा नबनाउन उनी भारतलाई सुझाव दिन्छन् । "उसको सबै सामान हामीले किन्ने, हाम्रो प्रोडक्ट गैरकानूनी हुने ?" उनको तीव्र प्रतिक्रिया थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानमा दुईवटा रेल जुधे, कम्तीमा ३० जनाको मृत्यु

मुल्तान, २४ जेठ/एपी

पाकिस्तानको दक्षिणी क्षेत्रमा सोमवार बिहानै दुईवटा एक्सप्रेस रेल जुधेर भएको दुर्घटनामा कम्तीमा ३० जना यात्रीको मृत्यु भएको छ।



दुर्घटनाग्रस्त रेलका डिब्बा। तस्वीरः एपी

स्थानीय अधिकारीहरूका अनुसार उद्धारकर्मी एवं स्थानीय गाउँवासीले रेलका डब्बामा चेपिएका घाइते एवं मृतकका शव बाहिर निकालेका थिए।

मुल्लान एक्सप्रेस रेलका डब्बाभित्र अझै पनि १५ देखि २० जना यात्री फसेको बताइएको छ। सिन्ध प्रान्तको घोटकी जिल्लाका प्रहरी प्रमुख उमर तुफैलले डब्बाभित्र थुनिएका व्यक्तिहरू उद्धारका लागि चिच्याएको सुनिएको बताउँदै ठूला मेशिनको सहायताले भग्नावशेष पन्छाउने प्रयास भइरहेको जानकारी दिए।

मुल्लान एक्सप्रेस रेल आफ्नो लिकबाट बाहिरिएसँगै सर सईद एक्सप्रेस रेलले ठक्कर दिएको थियो, घोटकीका उपायुक्त उस्मान अब्दुल्लाहले बताए। उनले मुल्लान रेल कसरी लिकबाहिर उछिट्टियो भन्नेबारेमा अनुसन्धान शुरू भएको जानकारी दिए।

अब्दुल्लाहले पछिल्लो विवरण अनुसार कम्तीमा ३० जनाको मृत्यु भएको बताए। रेलवे अधिकारीहरूका अनुसार दुवै रेलमा गरी करीब एघार सय यात्री सवार थिए। घाइते कतिपय यात्रीको स्वास्थ्य अवस्था निकै नाजुक रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने अधिकारीहरूको भनाइ छ। रासस

## नाइजेरियाका बन्दूकधारीद्वारा ११ जना गाउँलेको हत्या

अबुजा २४ जेठ/सिन्हवा

नाइजेरियाको एउटा गाउँमा मोटर साइकलमा आएका बन्दूकधारीहरूले अन्धाधुन्ध हमला गरेर ११ जना गाउँलेको हत्या गरेका छन्। शनिवार राति ती अज्ञात बन्दूकधारी मोटरसाइकल चढेर आएका थिए।

उनीहरूले एउटा गाउँमा प्रवेश गरेर गोली चलाउन थालेका थिए।

नाइजेरियाको दक्षिणपश्चिम क्षेत्रमा पर्ने ओयो राज्यको एउटा गाउँमा उनीहरूले सर्वसाधारणमाथि गरेको गोली प्रहारबाट ११ जना गाउँलेको ज्यान गएको ओयो राज्यको प्रहरीले जानकारी दिएको छ। ओयो राज्यको प्रहरीले उनीहरू सो गाउँ पुगेर गाउँलेको हत्या गर्नुको साथै त्यहाँका कैयौं घरमा पनि आगजनी गरेका थिए।

सो गाउँमा गरिएको आगजनीमा ठूलो क्षति भएको पनि प्रहरीले जानकारी दिएको बताइएको छ। त्यस क्रममा गाउँलेहरू पनि हमलाकारीहरूमाथि जाइलागेका थिए। गाउँलेहरूको आक्रमणमा परेर बन्दूकधारीका तर्फबाट पनि केही मानिसको ज्यान गएको बताइएको छ।

शनिवार राति बन्दूकधारी र गाउँलेबीच लामो समयसम्म झडप भएको थियो। यहाँ भएको घटनाबारे प्रहरीले अनुसन्धान थालेको जनाएको छ। बन्दूकधारीहरू को हुन् र राति अकस्मात् गाउँमा आएर किन हमला गरेका थिए भन्नेबारे केही खुल्न सकेको छैन।

प्रहरीले यस विषयमा अनुसन्धान गरिरहेको जनाएको छ। तर पनि त्यस गाउँमा भएको क्षतिको पूर्ण विवरण भने दिइएको छैन। सो गाउँमा केही समय पहिले यसैगरी केही बन्दूकधारीले गाउँलेको ज्यान लिएका थिए। रासस

## अफगान राष्ट्रपति र अमेरिकी विदेश दूतबीच काबुलमा भेट

काबुल ४ जेठ/सिन्हवा

अफगान राष्ट्रपति मोहमद अशरफ घानी र अफगानिस्तानका लागि अमेरिकी विदेशदूतबीच काबुलमा भेट भएको छ। उनीहरूबीच आइतवार अफगानिस्तानको राजधानी काबुलमा भेट भएको राजधानी काबुलबाट प्राप्त समाचारमा जनाइएको छ।

विशेषदूत जालमी खालिदजाद अफगानिस्तानको सरकार र यहाँका तालिबानीहरूबीच शान्ति वार्ताका लागि पनि प्रमुख मध्यस्थकर्ता रहेका छन्। उनीसँगै हालै अफगानिस्तान आएको शान्ति वार्ता टोलीका सदस्यहरू पनि रहेका बताइएको छ। सो टोलीका सदस्यहरूसँगै खालिदजादले अफगानी राष्ट्रपति घानीसँग आइतवार भेटवार्ता गरेको समाचारमा जनाइएको हो।

त्यस भेटका क्रममा अफगानिस्तानको पछिल्लो अवस्था र शान्ति वार्ताका विषयमा पनि कुराकानी भएको बताइएको छ। उनीहरूले त्यस क्रममा दुई देशबीच आर्थिक सहयोगका साथै अरू क्षेत्रीय राजनीतिक विषयमा पनि कुराकानी गरेको बताइएको छ।

यसका साथै अफगानिस्तानमा केही समय अघि रोकिएको शान्ति वार्ताका विषयमा पनि उनीहरूबीच कुराकानी भएको बताइएको छ। अफगानिस्तानको सरकार र तालिबानीबीच केही समय अघि शुरू भएको वार्ता त्यसै स्थगित भएको छ। त्यसपछि पनि तालिबानीहरूले अफगानिस्तानमा हिंसात्मक हमलालाई निरन्तरता दिएका छन्। रासस

## ठोरी गापा सङ्क्रमणमुक्त

प्रस, ठोरी, २४ जेठ/

ठोरी गाउँपालिकामा सङ्क्रमित सङ्ख्या शून्य भएको छ। एन्टिजेन परीक्षणबाट अहिले एकजना पनि सङ्क्रमित पुष्टि नभएपछि गापा सङ्क्रमणमुक्त भएको स्वास्थ्य संयोजक रमेशराज थिङले बताए।





ठोरी गापामा वैशाख १९ गतेदेखि एन्टिजेन परीक्षण शुरू भएको हो। पालिकाले ६६ जनाको एन्टिजेन परीक्षण गर्दा १९ जना सङ्क्रमित देखिएका थिए। १८ जनाको होम आइसोलेशनमा उपचार भएको र एकजनालाई वीरगंज रेफर गरिएकोमा उनीसमेत अहिले सबैजना स्वस्थ भइसकेको संयोजक थिङले बताए। ठोरी गापाले कोरोना लक्षण भएकाहरूलाई वडाको स्वास्थ्य शाखाको सिफारिशमा एन्टिजेन परीक्षण गर्दै आएको थियो। सङ्क्रमितहरूको कन्टचाक्ट ट्रेसिङ पनि एन्टिजेनबाट गरिएको थियो। गापाले २० शय्याको कोरोना अस्पताल सञ्चालनमा ल्याइसकेको छ।

## ४९ किलो गाँजासहित तीनजना पक्राउ

प्रस, बारा, २४ जेठ/

जिल्ला प्रहरी कार्यालय बारा र गाँजा राखेर तस्करहरू मोटरसाइकलबाट स्कर्टिङ गरिरहेको अवस्थामा अनटेस्ट



गाँजासहित पक्राउ परेकाहरूलाई सार्वजनिक गरिंदै। तस्वीर सौजन्यः जिप्रका, बारा

पर्साको संयुक्त टोलीले बाराको महागढीमाई नगरपालिका–२ इनर्वा चोकबाट ४९ किलो गाँजासहित तीनजनालाई पक्राउ गरेको छ।

जिप्रका, बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले लागूऔषध ब्युरो वीरगंजको सूचनाको आधारमा बारा प्रहरीको टोलीसमेतले महागढीमाई नगरपालिका–२ इनर्वाचोकमा ना.२ह ६१०६ नंको अटोबाट ४९ किलो गाँजा बरामद भएको बताए। उनले अटोमा मोटरसाइकल र अटोबाट तीनजनालाई नियन्त्रणमा लिएको बताए।

प्रवक्ता मिश्रले पर्सा जिल्ला सखुवाप्रसौनी गाउँपालिका–१ औराहा निवासी ३९ वर्षीय अमिरका पासवान, ५६ वर्षीय अटोचालक रमेश चौधरी र ३७ वर्षीय राजकुमार ठाकुरलाई पक्राउ गरिएको बताए। उनले अटोचालक चौधरी रहेको र सोमा ठाकुर सवार भएको तथा मोटरसाइकल पासवानले चलाएको बताए।

## नगरप्रमुखद्वारा पुल निर्माण गर्न निर्देशन

प्रस, वीरगंज, २४ जेठ/

वीरगंज महानगरपालिका–२८ बगही



पुलको निरीक्षण गर्दै नगरप्रमुख सरावगीलगायत। तस्वीरः सौजन्य

र इनर्वा गाउँ जोड्ने पुल भत्किएपछि नगरप्रमुख विजयकुमार सरावगीले एक सातामा पुल निर्माण गर्ने बताएका छन्।

टिपरको कारण सो पुरानो पुल क्षतिग्रस्त भएपछि आवतजावतमा समस्या देखी नगरप्रमुख सरावगीले पुल निर्माणको लागि निर्देशन दिएका हुन्। स्थानीयले पुल निर्माणको लागि नगरप्रमुखसँग आग्रह गरेपछि नगरप्रमुख सरावगीले एक सातामा सो पुल निर्माण गर्ने आश्वासन दिए।

नगरप्रमुख सरावगीले पुलको निरीक्षण गर्दै पूर्वाधार महाशाखालाई निर्देशन दिएका हुन्।

### "कोभिशिल्ड"............

खोपका लागि प्रतीक्षारत रहनसमेत आग्रह गरेका छन्। गत फागुन २३ देखि चैत १० गतेसम्म ६५ वर्षमाथि उमेर समूहका करीब साढे १४ लाख व्यक्तिलाई 'कोभिशिल्ड'को पहिलो मात्रा लगाइएको थियो। दोस्रो मात्राका लागि खोप नआएपछि अहिले ती व्यक्तिले लगाउन पाएका छैनन्।

सरकार कोभिशिल्ड खोप उत्पादक कम्पनी सेरम इन्स्टिच्युटसँग खरीद गरेको १० लाख मात्रा खोप नआएपछि दोस्रो मात्राको खोप दिन असमर्थ भएको हो। उनले खोपको पहिलो मात्राले पनि कोभिड–१९ रोगबाट बचाउन मदत गर्ने उल्लेख गरेका छन्। नेपालमा अहिलेसम्म करीब २१ लाख १३ हजार ८० जनाले पहिलो मात्राको खोप र छ लाख ९१ हजार १८४ जनाले दोस्रो मात्राको खोप लगाइसकेका छन्। मङ्गलवार मन्त्रालयले ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई भेरोसिल खोप प्रदान गर्दैछ।

## स्वास्थ्यकर्मीको आत्मबल बढाउँदै अध्यादेश

चितवन, २४ जेठ/रासस

सरकारले जारी गरेको अध्यादेशले आत्मबल बढाएको यहाँका स्वास्थ्यकर्मीले प्रतिक्रिया दिएका छन्। अध्यादेशले भौतिक आक्रमण निरुत्साहित गरेको र काम गर्ने वातावरण बनेको उनीहरूको भनाइ छ।

नेपाल नर्सिङ सङ्घ चितवनका सचिव विष्णुमाया अधिकारी अध्यादेश पूर्णरूपमा कार्यान्वयनमा आउनेमा विश्वस्त रहँदै आत्मबल बढेको बताउँछिन्। स्वास्थ्यकर्मीहरूले पनि कर्तव्यबाट कत्ति विचलित हुन नहुने र इमानदारीपूर्वक काम गर्नुपर्ने बताइन्। उनले भनिन्– "यो अध्यादेशले हामीलाई ऊर्जा थपेको छ।" स्वास्थ्यकर्मीहरूमाथि जिम्मेवारी थपिएको पनि उनले बताइन्। विगतमा कतिपय घटनामा स्वास्थ्यकर्मीहरू पनि दोषी भएको भन्दै उनले यस्ता घटनाप्रति सचेत हुनुपर्ने धारणा व्यक्त गरिन्।

चिकित्सक सङ्घ चितवनका अध्यक्ष डा लोकबहादुर सेढाईंले अध्यादेशलाई ऐन बनाएर पूर्णरूपमा कार्यान्वयनमा ल्याउन रहेको बताए। उनले भने– "एउटा खुडकिलो उक्लिएको छ, यसलाई ऐनमा ल्याउनुपर्छ।" यसबाट स्वास्थ्यकर्मी र संस्थाहरू सुरक्षित हुने भन्दै उनले काम गर्न सबैमा आत्मबल बढाएको बताए।

नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष डा अनिलविक्रम कार्कीले स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामाथि हुने भौतिक आक्रमणका दोषीलाई प्रमुख जिल्ला अधिकारीले धरौटीमा छाड्ने गरेकोमा यो अध्यादेशसँग अदालतबाट सजाय दिलाइने अवस्था सिर्जना भएको बताए।

हालसम्म भएका घटनामा आवेगमा आएको नाममा दोषीलाई उन्मुक्ति दिने गरिएको भन्दै उनले यससँगै यस्ता तत्त्व हच्किने बताए। उनले भने–"पहिले कानून थिएन, अब कार्यान्वयनको पक्षमा लाग्नुपर्छ।" पहिले यस्ता मुद्दाहरू सार्वजनिक अपराध अन्तर्गत सामान्य कारबाई गरेर छाड्ने गरिएको उनले बताए।

पछिल्ला वर्षमा अधिकांश व्यक्तिको जन्म र मृत्यु अस्पतालमैं हुने गरेको छ। क्रमशः यो प्रक्रिया शतप्रतिशत अस्पतालमा हुने अनुमान गरिन्छ।

(बाँकी अन्तिम पातामा)

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – राज्यभय | कर्कट – यात्रालाभ |
| सिंह – कडाश्रम | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनखति | मकर – धनहानि |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**Birgunj Metropolitan City**
**Office of Municipal Executive**
Birgunj, Parsa

**NOTICE OF INVITATION FOR ELECTRONIC SEALED QUOTATION**

**First Date of Publication: 2078/02/25 (8th June 2021)**

1. Birgunj Metropolitan City,Birgunj,Parsa invites **electronic sealed quotation** from eligible Nepalese bidders for the following goods:

| S.NO. | Contract No. | Name of Project | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1. | BMC/NCB/GOODS/SQ/ 2077-078/70 | Supply and Delivery of Bailing Machine as per Specification | 1,000.00 | 45 days | 55,000.00 / 75 days |
| 2. | BMC/NCB/GOODS/SQ/ 2077-078/32 | Supply and Delivery of Garbage Loader Auto rickshaw as per Specification | 1,000.00 | 45 days | 43,500.00 / 75 days |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | 2078/03/09 (23rd June 2021) till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2078/03/09 (23rd June 2021) 1:00 PM at Birgunj Metropolitan City, Birgunj, Parsa |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 |
| **Account Number for Bid Security Deposit:** | Account Name: Birgunj Metropolitan City<br>Bank Name: RastriyaBanijya Bank,Adarshnagar Branch, Birgunj<br>Account Number: 1250100303000002 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan City, Birgunj, Parsaor may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egpas** specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

